# Sindhu Bikash Bank Ltd.
# सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे, दोलखा, चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47
**Corporate Office :** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np


**कर्पोरेट कार्यालय बनेपा, काभ्रे**

च.नं. १३४/२०८१/०८२

मिति: २०८१/११/०२

श्री नेपाल स्टक एक्सचेन्ज लि.
युएनआई शान्तिमार्ग, भद्रकाली
काठमाण्डौं ।

**बिषय: चौधौं र पन्ध्रौं वार्षिक साधारणसभा तथा शेयरधनी किताव बन्द रहने सम्वन्धमा सूचना प्रकाशित गरिएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको मिति २०८१/१०/२९ गते मंगलवार बसेको संचालक समितिको ४५० औं बैठकको निर्णय वमोजिम यस विकास बैंकको **चौधौं र पन्ध्रौं वार्षिक साधारण सभा** मिति २०८१/११/२८ गते (तदनुसार १२ मार्च, २०२५) बुधवार काभ्रेपलान्चोक जिल्ला, धुलिखेल स्थित मिरावल रिसोर्ट होटलमा बस्ने तथा सो प्रयोजनको लागी मिति २०८१/११/१५ गते (तदनुसार २७ फब्रोवरी, २०२५) बिहीवार १ (एक) दिन यस बैंकको शेयरधनी दर्ता किताव बन्द (Book Closure) रहने व्यहोरा यसअघि मिति २०८१/१०/३० गते पत्र मार्फत तहाँसमक्ष जानकारी गराईसकिएको छ ।

त्यसैगरी यस विकास बैंकको चौधौं र पन्ध्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना मिति २०८१/११/०२ गते शुक्रवारको दिन आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको जानकारी गराउँदै प्रकाशित सूचनाको विवरण यसै पत्रसाथ संलग्न गरी पठाएको व्यहोरा समेत अनुरोध गर्दछु ।
धन्यवाद ।

भवदीय,

.........................
(पुस्कर जि.सी)
कम्पनी सचिव

**बोधार्थ:**

श्री एनआईएमबि एस क्यापिटल लि. लाजिमपाट, काठमाण्डौं ।

**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
सधैं......तपाईंसँग

प्रधान कार्यालय- बाहबिसे, सिन्धुपाल्चोक, नेपाल ।
कर्पोरेट कार्यालय- बनेपा, काभ्रेपलाञ्चोक ।
फोन नं.: ०११-६६२३४०/४१/५१
Email: info@sindhubank.com.np

## सिन्धु विकास बैंकको १४औं र १५औं वार्षिक साधारण सभा बस्ने बारे सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/११/०२ गते)

**श्री शेयरधनी महानुभावहरु**

यस विकास बैंकको संचालक समितिको मिति २०८१/१०/२९ गते मंगलवार बसेको ४५० औं बैठकको निर्णय बमोजिम यस बैंकको चौधौं र पन्ध्रौं वार्षिक साधारण सभा निम्न उल्लेखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सभामा सहभागी हुनका लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थानः**

मिति : २०८१ साल फाल्गुन २८ गते बुधवार (तदनुसार १२ मार्च, २०२५)
समय : विहान ११:०० बजे
स्थान : मिराबल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० तथा आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने ।
४. आ.व. २०८०/०८१ को लेखापरीक्षण सम्पन्न गर्न कम्पनी ऐन २०६३ को दफा ११३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट भएको बाह्य लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड यसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्सको नियुक्ति तथा निजको पारिश्रमिकको अनुमोदन गर्ने ।
५. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८१/८२ को लेखापरीक्षण सम्पन्न गर्न बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक सुजन काफ्ले एण्ड यसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।
६. स्वतन्त्र सञ्चालक श्री भरत बहादुर कार्कीको नियुक्तिलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. ने.रा.बैंकको निर्देशन बमोजिम प्रदेश स्तरको विकास बैंक हुनको लागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक सय बीस) करोड पूरा गर्न पहिलो चरणमा हाल कायम रहेको चुक्ता पुँजीमा २ : १ (प्रत्येक २ शेयरमा १ हकप्रद शेयर दिने) अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
२. सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभीने (Merger) वा प्राप्ति (Aquisition) गर्ने सम्बन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ति गर्ने सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरी सोमा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ति सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।
३. बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन स्वीकृत गर्ने तथा नियमनकारी निकायहरुबाट थपघट फेरबदल गर्न निर्देशन भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### चौधौं र पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरु सभाको दिन सभा सुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ र यहाँहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
२. मिति २०८१/११/१५ गते (तदनुसार २७ फब्रोवरी, २०२५) विहीबारका दिन बैंकको शेयर दाखिला खारेज बन्द रहनेछ ।
३. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले बैंकका अर्का शेयरधनी प्रतिनिधि तोकी सभा सुरु हुनु भन्दा ४८ घन्टा अगावै बैंकको कर्पोरेट कार्यालय, बनेपा, काभ्रेमा प्रोक्सी बुझाई सक्नु पर्नेछ । सभामा भाग लिनकालागि प्रतिनिधि नियुक्त गरीसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि नियुक्त गर्ने भएमा सोको लिखित सूचना सभा सुरु हुनु भन्दा ४८ घन्टा अगावै कर्पोरेट कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्ति गरिएको व्यक्ति वित्तीय संस्थाको सम्बन्धित समूहकै शेयरधनी हुनु आवश्यक हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसक्नु भएका शेयरधनी स्वयं सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी स्वत बदर हुनेछ ।
४. प्रतिनिधि मुकर्रर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एक शेयरधनीले एक भन्दा बढि प्रतिनिधि मुकर्रर गरेमा जुन प्रोक्सी पहिला दर्ता भएको हो सो मात्र मान्य हुनेछ ।
५. छलफलको विषय अन्तर्गत कुनै शीर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले आफूले छलफल गर्न चाहानु भएको विषयबारे सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै विकास बैंकलाई जानकारी दिनुपर्नेछ । तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
६. नाबालक शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनु हुनेछ ।
७. कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण तथा प्राप्त गर्न चाहानु भएमा बैंकको कर्पोरेट कार्यालय बनेपाबाट उपलब्ध हुनेछ ।
८. अन्य विस्तृत जानकारी तथा वार्षिक प्रतिवेदनका लागि बैंकको कर्पोरेट कार्यालयमा सम्पर्क गर्नहुन वा बैंकको वेबसाईटःwww.sindhubank.com.np मा हेर्नहुन अथवाः कार्यालय समयभित्र फोन नं. ०११-६६२३४०/४१/५१ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

आर्थिक अभियान राष्ट्रिय दैनिक / मिति: २०८१/११/०२